annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १०९ पृष्ठ ८ | काठमाडौं, शनिबार ३१ साउन २०८२ | भाद्र कृष्णपक्ष सप्तमी नेपाल संवत् ११४५ | SATURDAY, AUGUST 16, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# मानसरोवरका यात्रीले भरिभराउ हुम्ला

कर्णालीको विकट हुम्ला गुल्जार बनेको छ । जहाँ भारत, चीन, तिब्बत, भुटान र श्रीलंकाका पर्यटक/तीर्थयात्री ओइरिएका छन् । स्वदेशी तीर्थयात्री पनि उत्तिकै छन् । होटेल, रेस्टुरेन्ट भरिभराउ छन् । पवित्र एवं प्रसिद्ध धार्मिकस्थल मानसरोवर जानेको ताँती छ । छोटो र सहज रूपमा मानसरोवरको यात्रा गर्न सकिने भएकाले यहाँको माहोल धार्मिकमात्र छैन, पर्यटन दृष्टिकोणले पनि चलायमान छ । तर, अभाव छ त- यहाँ गुणस्तरीय होटेल, सार्वजनिक शौचालय, पक्की बाटो, सञ्चार उपकरण र पिउने पानीको । तीनै तहका सरकारले यहाँको महत्व बुझेर पूर्वाधार निर्माण र जनशक्तिमा लगानी गरे हुम्लाकै मुहार उज्यालिने तथा देशकै काँचुली फेरिने अवस्था छ ।

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

- को रिपोर्ट




मानसरोवर जाने तीर्थयात्री ह्वात्तै बढेपछि जहाजले भरिभराउ हुम्लाको सिमीकोट विमानस्थल ।
● बिस्नप्रसाद न्यौपाने

समाचार पृष्ठ २

## गंगारामलाई दलको नेताबाट पनि हटाइन् रञ्जिताले

**काठमाडौं** (अन्नपूर्ण) : नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठले संसदीय दलका नेता गंगाराम चौधरीलाई कारबाही गरेकी छन्। पार्टीको हितविपरीत काम गरेको भन्दै अध्यक्ष श्रेष्ठले गंगारामलाई केन्द्रीय समिति, पदाधिकारी र दलको नेताको भूमिकामा समेत नरहने गरी कारबाही गरेकी हुन्।

'पार्टीको हितविपरीत हुने गरी काम गरेको पुष्टि भएको हुँदा तपाईंलाई यस पार्टीको केन्द्रीय समिति पदाधिकारी सदस्य तथा नागरिक उन्मुक्ति पार्टीको संसदीय दलको नेताको भूमिकामा समेत नरहने गरी कारबाही गरेको व्यहोरा जानकारी गराइन्छ', गंगारामलाई लेखिएको पत्रमा भनिएको छ।

अध्यक्ष श्रेष्ठले अब उपरान्त संसदीय दलको नेताको पद उल्लेख गरी कुनै किसिमको निर्णय एवं पत्राचार नगर्न चेतावनी पनि दिएकी छन्। अध्यक्ष श्रेष्ठले कारबाही गरेको पत्र संसद् सचिवालयलाई पनि जानकारी गराएकी छन्।

अध्यक्ष श्रेष्ठले गंगाराममाथि मुख्यत: तीन आरोप लगाएकी छन्। पार्टीको विधानविपरीत केन्द्रीय कमिटीको बैठक बोलाउने निर्णय गरेको, निर्वाचन आयोगको निर्णयविपरीत पार्टीको महासचिव पद उल्लेख गरी पार्टीको छाप तथा लेटरप्याड दुरुपयोग गरी विभिन्न निर्णय र पत्राचार गरिएको आरोप अध्यक्ष श्रेष्ठले लगाएकी छन्।

## बागमतीमा बहादुरलाई भाग दिन्छु भनियो, दिइएन



इन्द्रबहादुर बानियाँ



बहादुर सिं लामा

**सरोज पौडेल** | *हेटौंडा*

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले शुक्रबार ५ जना नयाँ मन्त्री नियुक्त गरे। मन्त्रिपरिषद् १४ सदस्यीय बन्यो। तर, पूर्वसहमतिअनुसार निवर्तमान मुख्यमन्त्री बहादुर सिं लामा पक्षलाई नसमेटेको भन्दै उनी पक्षधर नेताहरू असन्तुष्ट बनेका छन्।

मुख्यमन्त्री बानियाँले मन्त्रिपरिषद्मा 'भाग दिन्छु' भनेर पार्टी सभापति शेरबहादुर देउवासँग गरेको सहमति कार्यान्वयन नभएको भन्दै लामा पक्षधर नेताहरूले आक्रोश पोखेका छन्। लामाले नियुक्त गरेका तीन मन्त्रीलाई बानियाँ नेतृत्वको मन्त्रिपरिषद्मा पुन: समेट्ने पूर्वसहमति कार्यान्वयन नगरेको लामा पक्षधर नेताहरूको आरोप छ। लामालाई संसदीय दलको नेता हटाउन बानियाँले अविश्वासको मत दर्ता गरेपछि लामाले तीनजना मन्त्री नियुक्त गरेका थिए। त्यस बेला धादिङका गोविन्द लम्साल, चितवनका माया श्रेष्ठ र गीता गुरुङलाई मन्त्रीमा नियुक्त गरी शपथ खुवाउने तयारीसमेत गरेका थिए। तर, लामा संसदीय दलको नेताबाट हटाइए। मुख्यमन्त्रीबाट राजीनामा दिनुपरेपछि मन्त्रीहरूले शपथ पनि खान पाएनन्। तीनै तीनजनालाई नयाँ मन्त्रिपरिषद्मा समेटने पूर्वसहमति तोडिएको लामा पक्षधरको आरोप छ।

बागमतीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १४ मन्त्रालय छन्। जसमा सत्ता साझेदार एमालेको भागमा ६ र कांग्रेसको भागमा मुख्यमन्त्रीसहित ८ वटा मन्त्रालय परेका थिए। गत २० साउनमा मुख्यमन्त्रीमा नियुक्त बानियाँले सोही दिन एमालेका ६ र कांग्रेसका आफू पक्षधर दुईजनालाई मन्त्री नियुक्त गरेका थिए। ५ जना कांग्रेसका मन्त्री नियुक्त गर्न बाँकी थियो। मुख्यमन्त्री बानियाँले निवर्तमान मुख्यमन्त्री लामाले नियुक्त गरेका ३ जनालाई मन्त्रिपरिषद्मा लैजानुपर्नेमा ५ जना नै आफू पक्षधरका सांसदलाई मन्त्री बनाएको भन्दै लामा पक्षधरका नेता गोविन्द लम्सालले असन्तुष्टि व्यक्त गरे। उनले भने, 'पार्टी केन्द्रीय सभापति शेरबहादुर देउवा दाइसँग बसेरै निवर्तमान मुख्यमन्त्रीबहादुर सिं लामाले नियुक्त गरेका ३ जनालाई मन्त्री बनाउने सहमति भएको थियो।

» बाँकी पृष्ठ ६

## विषाक्त मदिरा सेवनबाट कुबेतमा ९ नेपालीको मृत्यु

**विष्णु घिमिरे** | *साउदी*

वैदेशिक रोजगारीका क्रममा कुबेतमा रहेका ९ जना नेपालीको विषादीयुक्त मदिरा सेवनबाट मृत्यु भएको छ। विषादीयुक्त रक्सी सेवनबाट बिरामी परेका ५० भन्दा बढी नेपालीको स्थानीय ७ वटा अस्पतालमा उपचार भइरहेको त्यहाँ रहेका नेपालीले जानकारी दिएका छन्। यस्तै, विभिन्न मुलुकका १६० जनाभन्दा बढी बिरामी परेका छन्। कुबेतस्थित नेपाली दूतावासले विषादीयुक्त मदिरा सेवनबाट ३५ जना बिरामी परेका र उनीहरूको उपचार भइरहेको जनाएको छ। दूतावासले शुक्रबार विज्ञप्ति प्रकाशित गरी बिरामी परेमध्ये केहीको मृत्यु भएको जानकारी दिएको छ। तर, मृतकको संख्या तोकेको छैन।

कुबेतमा होटेल व्यवसाय सञ्चालन गरिरहेका राजु कार्की र उद्धव अधिकारीका अनुसार मदिरा सेवनबाट बिरामी परेका १६० जना विदेशीको कुबेतका विभिन्न अस्पतालमा शनिबारदेखि उपचार भइरहेको छ। तीमध्ये ५० भन्दा बढी नेपाली रहेको उनीहरूले बताए। एउटा समूहले कुबेतका विभिन्न ठाउँमा विषादी मेथानोल मिसाइएको मदिरा बिक्रीवितरण गरेको बताइएको छ।

Celebrating 30th Anniversary

ईशान बाल तथा महिला अस्पताल

विगत ३० वर्षदेखि यहाँहरुको सेवामा समर्पित




- **बाल रोग विशेषज्ञहरुद्वारा** २४ सै घण्टा आकस्मिक सेवा सञ्चालन ।
- **हरेक दिन (शनिवार सहित)** २४ सै घण्टा नवजात, बाल, हाडजोर्नी, स्त्री , प्रसूति तथा अन्य सबै प्रकारका शल्य सेवाहरु तथा उपचार ।
- OPD सेवा **बिहान ७:०० बजेदेखि बेलुका ८:००** बजेसम्म वर्षभरि हप्ताको सातै दिन **(शनिवार सहित)** विभिन्न वरिष्ठ विशेषज्ञहरुद्वारा सञ्चालन ।
- **हरेक दिन (शनिवार सहित) सबै निजी खोप सेवाहरु उपलब्ध** तथा (सरकारी खोप: सोमबार र विहीबार)।
- विभिन्न विषयहरुका **Multispeciality** तथा **Superspeciality Services** साथै **वयस्कहरुको** लागि पनि विशेषज्ञ सेवाहरु ।

विशेष जानकारीको लागि

ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD
Tokha-05, Basundhara, KTM
Tel: 01-4959560, 9846991669 (WhatsApp / Viber), 9869526159
Email: info@ishanhospital.com.np | ishan.nursing@gmail.com
Website: www.ishanhospital.com.np

## विशेष अदालतमा 'नयाँ टिम' को सिफारिस

**दिनेश गौतम** | *काठमाडौं*

न्याय परिषद्ले भ्रष्टाचारजन्य एवं अन्य खास किसिमका मुद्दाको सुरु कारबाही र किनारा लगाउन गठित विशेष अदालतको अध्यक्ष र सदस्यमा 'नयाँ टिम' तोक्नका लागि नाम सिफारिस गरेको छ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतको अध्यक्षमा बसेको परिषद् बैठकले विशेष अदालतको अध्यक्ष र सदस्य पदमा नयाँ टिमका लागि परामर्श दिएको हो। न्याय परिषद्को परामर्शमा उच्च अदालतका न्यायाधीशमध्येबाट सरकारले विशेष अदालतको अध्यक्ष र सदस्य तोक्ने कानुनी व्यवस्था छ।

परिषद्ले विशेष अदालतको अध्यक्षमा न्यायाधीश सुदर्शनदेव भट्टलाई तोक्नका लागि परामर्श दिएको छ। त्यस्तै, सदस्यमा न्यायाधीशहरू नारायणप्रसाद पौडेल, हेमन्त रावल, डिल्लीरत्न श्रेष्ठ र उमेश कोइरालालाई तोक्न परामर्श दिएको छ। अध्यक्ष पदमा तोक्नका लागि परामर्श दिइएका भट्ट उच्च अदालत जनकपुरमा कार्यरत छन्। सदस्य पौडेल उच्च अदालत पाटन, हेटौंडा इजलास, रावल उच्च अदालत सुर्खेत, श्रेष्ठ उच्च अदालत सुर्खेत, जुम्ला इजलास र उमेश कोइराला उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जमा कार्यरत छन्। विशेषका अध्यक्ष र सदस्यले आफ्नो कार्यभार सम्हाल्नुअघि प्रधानन्यायाधीशसमक्ष शपथ ग्रहण गर्नुपर्ने कानुनी व्यवस्था छ।




यसअघि विशेष अदालतमा टेकनारायण कुँवर अध्यक्ष तथा तेजनारायण सिंह राई, रामबहादुर थापा, मुरारीबाबु श्रेष्ठ, रितेन्द्र थापा र विदुर कोइराला सदस्य थिए। परिषद्का सूचना अधिकारी सुमन पाण्डेका अनुसार विशेषका अध्यक्ष कुँवरको उच्च अदालत जनकपुरमा सरुवा भएको छ। त्यस्तै, सदस्यहरू तेजनारायण सिंहको उच्च अदालत पोखरा, रामबहादुर थापाको उच्च अदालत जनकपुरको राजविराज इजलास, मुरारीबहादुर श्रेष्ठको उच्च अदालत जनकपुर र रितेन्द्र थापाको उच्च अदालत वीरगन्जमा सरुवा गरिएको छ। विदुर कोइराला भने विशेष अदालतमै यथावत् रहेका छन्। परिषद्को शुक्रबार बसेको बैठकले उच्च अदालतका ८८ जना न्यायाधीशको सरुवा सिफारिस गर्ने निर्णय गरेको हो।

### १ सय २२ जना जिल्ला न्यायाधीशको सरुवा

त्यस्तै, परिषद्को बैठकले १ सय २२ जना जिल्ला न्यायाधीशको पनि सरुवा सिफारिस गरेको छ। काठमाडौं जिल्ला अदालतमा २० जना जिल्ला न्यायाधीशको सरुवा भएको छ। न्यायाधीशहरू चुरामन खड्का, प्रकाशकुमार अधिकारी, मदनबहादुर धामी, ईश्वर पराजुली, हरिप्रसाद कोइराला, तेजबहादुर खड्का, आत्मदेव जोशी, सुदर्शन लामिछानेको सरुवा भएको छ।

त्यस्तै, चन्द्रकान्त पौडेल, दण्डपाणि लामिछाने, माधवप्रसाद सुवेदी, मणिराम न्यौपाने, जगतबहादुर पौडेल, तिलकबहादुर कार्की, आनन्दप्रसाद श्रेष्ठ, टेकबहादुर कार्की, रामचन्द्र शर्मा, कृतबहादुर बोहोरा, कोशलेश्वर ज्ञवाली, शिवप्रसाद पराजुलीको सरुवा सिफारिस भएको छ। यस्तै, धनुषा जिल्ला अदालतका न्यायाधीश अर्जुनप्रसाद कोइरालाको भक्तपुर जिल्ला अदालतमा काज सिफारिस गरिएको छ।